श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभाग**

Email :
complaint@dofe.gov.np
पोष्ट वक्स नं. ६५१५
फोन नं ४७८२४५४

# सूचना !

वैदेशिक रोजगारीमा जान चाहने नेपाली नागरिकहरूलाई विभिन्न माध्यमबाट भ्रममा पारी ठगी गर्ने कार्य भइरहेको सम्बन्धमा यस विभागको गम्भीर ध्यानाकर्षण भएको छ। विशेष गरी शैक्षिक परामर्श सेवाका लागि दर्ता भएका कन्सल्टेन्सी (Consultancy), ट्राभल एजेन्सी र अनलाइन माध्यमबाट वैदेशिक रोजगारीमा पठाइदिने भन्दै रकम असुल गर्ने र अन्तर्वार्ता लिने कार्य भइरहेको सम्बन्धी सूचना विभिन्न माध्यमबाट प्राप्त भएकाले यो सूचना प्रकाशित गरिएको छ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० मा इजाजतपत्र प्राप्त नगरी कसैले पनि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न वा कामदार पठाउने सम्बन्धी कुनै पनि कार्य (विज्ञापन, अन्तर्वार्ता, रकम संकलन आदि) गर्न पाइने छैन भन्ने व्यवस्था रहेको छ। कुनै संस्था वा व्यक्तिले वैदेशिक रोजगारीको प्रलोभन देखाई राहदानी संकलन गर्ने, भिजिट भिसामा विदेश पठाई रोजगारी मिलाइदिने आश्वासन दिने र ठूलो रकम असुल गर्ने लगायतका कार्य पूर्णतः गैरकानूनी हो र यस्तो कामकारवाहीमा संलग्न जो कोहीलाई (व्यक्ति वा संस्था) वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराईन्छ।

<u>**सर्वसाधारणमा अनुरोधः**</u>

कुनै पनि इजाजतपत्र नलिएका संस्था (कन्सल्टेन्सी, ट्राभल एजेन्सी लगायत) लाई वैदेशिक रोजगारीको नाममा रकम वा राहदानी नबुझाउनु हुन अनुरोध गरिन्छ। वैदेशिक रोजगारीको लागि कागजात र सेवा शूल्क बुझाउँदा सम्बन्धित इजाजतपत्र प्राप्त संस्था (म्यानपावर कम्पनी)ले विभागबाट पूर्व-स्वीकृति लिए/नलिएको, उक्त संस्थाको इजाजत कायम रहे/नरहेको, सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाको सञ्चालक वा कर्मचारीको विषयमा विभागको वेबसाइट (www.dofe.gov.np) मा अनिवार्य रूपमा रुजु गरे पश्चात मात्र प्रकृया अगाडी बढाउनु हुन अनुरोध छ।

साथै यदि कोही कसैले वैदेशिक रोजगार सम्वन्धी कानून विपरित गतिविधि गरेको थाहा पाएमा वा आफू ठगीमा परेमा स-प्रमाण वैदेशिक रोजगार विभागमा कुनै पनि माध्यमबाट उजूरी/ निवेदन दिनुहुन अनुरोध गरिन्छ।

२०८२/१२/१५